विधेयक संख्याः

# स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

२०७६

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न, आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहीता र प्रतिस्पर्धा कायम गर्न, नाप तौलको आधारभूत ईकाइहरूको परिभाषामा अन्तर्राष्ट्रियस्तरको परिवर्तनलाई समावेश गर्न, ऐन विपरीत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोगमा रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्ने लगायतका विषयलाई नियमन एवं समयसापेक्ष बनाउन स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई समयानुकूल संशोधन गर्नु आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गरेको छु।

.....................................

**लेखराज भट्ट**

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

## आर्थिक टिप्पणी

प्रस्तावित स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयकमा आर्थिक दायित्व सिर्जना गर्ने सम्बन्धी संशोधन नभएकोले थप आर्थिक दायित्व नपर्ने र नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र सम्बन्धी यस ऐन विपरीत कार्य गरेमा दफा ३० बमोजिम जरिवाना हुने रकमबाट नेपाल सरकारको राजश्वमा वृद्धि हुने अवस्था रहेको छ।

.....................................

**लेखराज भट्ट**

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

## स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयकमा नयाँ प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानुनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ४ को उपदफा (२) | नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने एक राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउने छ र सो स्टाण्डर्ड अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय किलोग्राम स्टाण्डर्ड अनुसार प्रमाणित गराउने छ। त्यस्तो राष्ट्रिय किलोग्राम स्टाण्डर्ड तोकिएको ठाउँमा तोकिएको व्यक्तिको जिम्मामा रहनेछ। | नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउने ठाउँ र सोको जिम्मा रहने व्यक्ति नियमावलीमा तोकिने। | किलोग्रामको स्टाण्डर्डमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर अनुरूप कायम हुने। |
| २. | २३क. को उपदफा (२) | उपदफा (१) बमोजिम नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | यस ऐन विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोग गरेको पाइएमा निरीक्षकले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने प्रक्रिया व्यवस्थित र प्रभावकारी हुने। |
| ३. | २६क. को उपदफा (३) | उपदफा (१) वा (२) बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट लिनु पर्ने नमूनाको अनुमति र उत्पादन वा पैठारी | नमूनाको अनुमति प्रदान गर्ने सम्बन्धी व्यवस्थामा एकरूपता कायम |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिएको नाप्ने वा तौलने यन्त्रको स्वरुपमा परिर्वतन गर्नु परेमा विभागबाट लिनु पर्ने अनुमति सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | हुने। |
| ४. | २७ को उपदफा (२) | मोहरबन्द प्याकेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | मोहरबन्द प्याकेज सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | मोहरबन्द प्याकेज सम्बन्धी व्यवस्थामा एकरूपता कायम हुने। |
| ५. | २८ को उपदफा (९) | निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको हुनेछ।" | निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार व्यवस्थित हुने। |

**स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयकमा थप भएको वा झिकिएको दफाको व्याख्यात्मक टिप्पणी**

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २(क), (ज), (ञ), (ड), (ढ) | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दहरूको अर्थ थप स्पष्ट गर्न। |
| ३(१), (२) | मिटर | अन्तर्राष्ट्रिय स्तरअनुरूप मिटरको परिभाषा गर्न। |
| ४(२) | किलोग्राम | नेपाल सरकारले अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय किलोग्राम स्टाण्डर्ड अनुसार प्रमाणित गराई किलोग्रामको परिमाण निकाल्ने एक राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउन सक्ने व्यवस्था गर्न। |
| ५ | सेकेण्ड | अन्तर्राष्ट्रिय स्तरअनुरूप सेकेण्डको परिभाषा गर्न। |
| ६ | एम्पिएर | अन्तर्राष्ट्रिय स्तरअनुरूप एम्पिएरको परिभाषा गर्न। |
| ७(१), (२) र (४) | केलभिन | अन्तर्राष्ट्रिय स्तरअनुरूप केल्भिनको परिभाषा गर्न र भाषागत स्पष्टता कायम गर्न। |
| ८ | क्याण्डेला | अन्तर्राष्ट्रिय स्तरअनुरूप क्याण्डेलाको परिभाषा गर्न। |
| ८क. | मोल | अन्तर्राष्ट्रिय स्तरअनुरूप मोलको परिभाषा गर्न। |
| ८ग. | अन्तर्राष्ट्रिय इकाईहरू नेपाली अङ्कमा रहने | अन्तर्राष्ट्रिय इकाईहरूको प्रयोगमा सहजीकरण गर्न। |
| १७(२), (३) | माध्यमिक स्टाण्डर्ड | टाँचा लगाउन नसकिने वा नमिल्ने स्टाण्डर्डमा ती स्टाण्डर्डलाई जाँची स्टिकर लगाई प्रमाणित गरी सोको अभिलेख राख्न। |
| १९(४) | स्टाण्डर्ड नाप्ने र तौलने यन्त्र | स्टाण्डर्ड नाप्ने र तौलने यन्त्रको अन्तरार्ष्ट्रिय स्तर अनुसार मापन तथा नाप तौल सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने सम्बन्धी राष्ट्रियस्तरको नाप तौल प्रयोगशालाको व्यवस्था गर्न। |
| २०(४), (५), (६) | स्टाण्डर्ड नाप र तौल बाहेक अरू नाप र तौल प्रचलनमा ल्याउन | स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको प्रयोग प्रभावकारी एवं पारदर्शी बनाउन र सो सम्बन्धमा उत्पन्न भएका विवाद समाधान सम्बन्धी व्यवस्था गर्न। |

| | | |
|---|---|---|
| | नपाइने | |
| २३ | टाँचा नलागेको व्यापारिक नाप र तौलको बिक्री वितरण वा प्रयोग गर्न निषेध | टाँचा लगाउन नसकिने वा नमिल्ने नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा निरीक्षकले स्टिकर वा अन्य कुनै विधिद्वारा प्रमाणित गरी व्यवहारमा ल्याउन सक्ने व्यवस्था गर्न। |
| २३क. | रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्ने | यस ऐन विपरीत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोगमा रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्ने सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| २६क. | नमूनाको अनुमति (मोडल एप्रुभल) लिनुपर्ने | नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट नमूनाको अनुमति लिनु पर्ने समेतको व्यवस्था गर्न। |
| २७ | मोहरबन्द प्याकेजको नाप तौल | मोहरबन्द प्याकेजमा रहेका वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्ने र लेबल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न नहुने व्यवस्था गर्न। |
| २८(९) | निरीक्षकको काम कर्तव्य | निरीक्षकको अन्य काम कर्तव्य स्पष्ट गर्न। |
| २९ | पुनरावेदन | एक तहको पुनरावेदनको व्यवस्था गर्न। |
| ३० | सजाय | सजाय सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न। |
| ३३क. (१),(२) | मुद्दाको तहकिकात | मुद्दाको तहकिकात सम्बन्धमा भाषागत एकरूपता कायम गर्न। |

**<u>स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयकको संशोधित तीन महले विवरण</u>**

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (क), (ज) र (ञ) र दफा २ को खण्ड (ड) र (ढ) थप | (क) "किलोग्राम" भन्नाले नाप तौलको अन्तर्राष्ट्रिय ब्यूरोमा रहेको नापतौलको प्रथम साधारण सम्मेलनले किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्ति (प्रोटोटाइप) भनी घोषित गरेको प्लाटिनमइरिडिएमको ढ्याक (सिलिण्डर) को राशी (मास) सम्झनु पर्छ।<br>(ज) "टाँचा" भन्नाले ढालेर, खोपेर, कुँदेर, डामेर वा कुनै तरिकाले यथासम्भव नमेटिने गरी लगाइएको टाँचालाई सम्झनु पर्छ।<br>(ञ) "नियन्त्रक" भन्नाले गुणस्तर तथा नाप तौल विभागको महानिर्देशक सम्झनुपर्छ। | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-<br>"(क) "किलोग्राम" भन्नाले नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले गरेको परिभाषा अनुसारको किलोग्राम सम्झनु पर्छ।"<br>(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-<br>"(ज) "टाँचा" भन्नाले ढालेर, खोपेर, कुँदेर, डामेर, तारले बेरेर वा अन्य कुनै किसिमले नमेटिने, नचुँडिने वा नफुत्किने गरी कुनै धातु वा प्लाष्टिकको प्रयोग गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाइएको आयताकार, गोलाकार वा त्यस्तै कुनै प्रकारको | नाप तौलको आधारभूत ईकाइहरूको परिभाषामा अन्तर्राष्ट्रिय रूपमा भएको परिवर्तन अनुरूप गर्न आवश्यक भएकोले। |

| क. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | आयाम भएको सिलछाप सम्झनु पर्छ।"<br>(३) खण्ड (ञ) मा रहेका "गुणस्तर तथा नाप तौल" भन्ने शब्दहरु झिकिएका छन्।<br>(४) खण्ड (ठ) पछि देहायका खण्ड (ड) र (ढ) थपिएका छन् :-<br>"(ड) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।<br>(ढ) "विभाग" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभाग सम्झनु पर्छ।" | |
| २. | दफा ३ को उपदफा (१) र (२) | (१) मीटर लम्बाईको मूल ईकाई हुनेछ।<br>(२) "मीटर" भन्नाले प्रकाशले १/२९९७९२४५८ सेकेण्डको अवधिभित्र शून्य ठाउँ (भ्याकुम) मा तय गरेको दुरीलाई जनाउँछ। | मूल ऐनको दफा ३ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) मिटर लम्बाईको मूल एकाइ हुनेछ र मिटरको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"<br>(२) उपदफा (२) झिकिएको छ। | मिटरको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप हुने गरी स्पष्ट गर्न आवश्यक भएकोले। |
| ३. | दफा ४ को | (२) नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने किलोग्रामको एक | मूल ऐनको दफा ४ को | नेपाल सरकारले |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | उपदफा (२) | राष्ट्रिय स्टाण्डर्ड बनाउन लगाउनेछ र सो स्टाण्डर्ड किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्ति अनुसार वा अन्तर्राष्ट्रिय प्रतिमूर्ति अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय प्रतिमूर्ति अनुसार प्रमाणित गराउनेछ। त्यस्तो स्टाण्डर्ड नेपाल सरकारले तोकिदिएको ठाउँमा तोकिदिएको व्यक्तिको जिम्मामा रहनेछ। | उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने एक राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउने छ र सो स्टाण्डर्ड अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय किलोग्राम स्टाण्डर्ड अनुसार प्रमाणित गराउने छ। त्यस्तो राष्ट्रिय किलोग्राम स्टाण्डर्ड तोकिएको ठाउँमा तोकिएको व्यक्तिको जिम्मामा रहनेछ।" | अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय किलोग्राम स्टाण्डर्ड अनुसार प्रमाणित गराई किलोग्रामको परिमाण निकाल्ने एक राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउन सक्ने र सो सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएकोले । |
| ४. | दफा ५ | ५. <u>**सेकेण्डः**</u> (१) सेकेण्ड समयको मूल ईकाई हुनेछ ।<br>(२) सिजियम एच–१३३ परमाणुको भौतिक अवस्था (ग्राउण्ड स्टेट) को दुई अति मिहीन सतह (हाइपर फाइन लेवल) बीचको स्थितिको अन्तरमा हुने विकिरण (रेडिएशन) को ९ १९२ ६३१ ७७० गुणा समयावधिलाई सम्झनुपर्छ । | मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-<br>"५. <u>सेकेण्डः</u> सेकेण्ड समयको मूल एकाइ हुनेछ र सेकेण्डको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे | सेकेण्डको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप कायम गर्न आवश्यक भएकोले । |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | बमोजिम हुनेछ।" | |
| ५. | दफा ६ | ६. <u>एम्पिएरः</u> (१) एम्पिएर विद्युत धाराको मूल इकाई हुनेछ ।<br>(२) एक एम्पियर भन्नाले नगण्य वृत्ताकार अनुप्रस्थ खण्ड (नेगलिजिबल सर्कुलर क्रस सेक्सन) भएको तथा शून्य (भ्याकुम) मा एक मिटरको फासलामा रहेको असीमित लम्बाईको दुई समानान्तर सोझो सुचालक (कन्डक्टर) हरुमा एकनाशको गतिले बगी ती सुचालकहरुको बीचमा प्रति मिटर $2 \times 10^{-7}$ न्युटन बल उत्पन्न गर्ने विद्युत् धारालाई सम्झनुपर्छ । | मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-<br>"६. <u>एम्पिएरः</u> एम्पिएर विद्युत धाराको मूल एकाइ हुनेछ र एम्पिएरको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।" | एम्पिएरको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप कायम गर्न आवश्यक भएकोले । |
| ६. | दफा ७ को उपदफा (१), (२) र (४) | (१) केलभिन थर्मोडाइनामिक तापक्रमको मूल इकाई हुनेछ ।<br>(२) “केलभिन” भन्नाले थर्मोडाइनामिक तापक्रममा पानीको त्रिबिन्दू (ट्रिपल प्वाइण्ट अफ वाटर) को १/२७३.१६ लाई जनाउँछ ।<br>(४) तापक्रमको अन्तर्राष्ट्रिय व्यवहारिक स्केलको सेल्सीयस डिग्री, जसको बराबर २७३.१५ केलभिन हुन्छ, केलभिन बराबर हुन्छ । | मूल ऐनको दफा ७ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१)केलभिन थर्मोडाइनामिक तापक्रमको मूल एकाइ हुनेछ र केल्भिनको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"<br>(२) उपदफा (२) झिकिएको छ।<br>(३) उपदफा (४) मा रहेका ",केलभिन बराबर हुन्छ" भन्ने शब्दहरू झिकिएका | केल्भिनको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप कायम गर्न आवश्यक भएकोले । |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | छन्। | |
| ७. | दफा ८ | ८. <u>**क्याण्डेलाः**</u> (१) क्याण्डेलमा प्रकाश तीव्रताको मूल इकाई हुनेछ ।<br>(२) "क्याण्डेला" भन्नाले प्रत्येक वर्गमीटर १.१३२५ न्यूटन चापमा प्लाटिनम जम्ने तापक्रममा कृष्ण पिण्ड (ब्लाक बडी) को १।६००००० वर्गमीटर सतहको लम्ब दिशाको प्रकाश तीव्रता (लुमिनस इण्टेन्सिटी) लाई जनाउँछ । | मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-<br>"८. <u>क्याण्डेलाः</u> क्याण्डेला प्रकाश तीव्रताको मूल एकाइ हुनेछ र क्याण्डेलाको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।" | क्याण्डेलाको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप कायम गर्न आवश्यक भएकोले । |
| ८. | दफा ८क. | ८क. <u>**मोलः**</u> (१) मोल वस्तुको परिमाणको मूल इकाई हुनेछ ।<br>(२) "मोल" भन्नाले कार्बोन १२ को ०.०१२ किलोग्राममा जति परमाणु (एटम) छन् त्यत्तिकै मौलिक तत्वहरु (इलिमेण्टरी इण्टिटिज) भएको पद्धतिको परिमाणलाई जनाउँछ ।<br><u>**स्पष्टीकरणः**</u> मोलको जब प्रयोग हुन्छ मौलिक तत्वहरु (इलिमेण्टरी इण्टिटिज) को राम्रो उल्लेख हुनुपर्छ र यो परमाणु, अणु विद्युत्शक्तियुक्त परमाणु (आयन्स), इलेक्ट्रोन, अरु कणहरु वा त्यस्तो तोकिएको कणको समूह हुन सक्छ । | मूल ऐनको दफा ८क. को सट्टा देहायको दफा ८क. राखिएको छः–<br>"८क. <u>मोलः</u> मोल वस्तुको परिमाणको मूल एकाइ हुनेछ र मोलको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।" | मोलको परिभाषा अन्तर्राष्ट्रिय स्तरअनुरूप कायम गर्न आवश्यक भएकोले । |
| ९. | दफा ८ग. को उपदफा (१) | (१) गणनाको मूल इकाई अन्तर्राष्ट्रिय इकाईको आधारमा नेपाली अङ्कहरू हुनेछ। | मूल ऐनको दफा ८ग. को उपदफा (१) मा रहेको "हुनेछ" भन्ने शब्द पछि "र | अन्तर्राष्ट्रिय इकाईहरूको प्रयोगमा सहजीकरण |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | आवश्यकता अनुसार अंग्रेजी अङ्कहरु प्रयोग गर्न सकिने छ" भन्ने शब्दहरू थपिएका छन्। | गर्न आवश्यक भएकोले । |
| १०. | दफा १७ को उपदफा (२) र (३) | (२) माध्यमिक स्टाण्डर्ड तोकिएको वस्तु, डिजायन तथा विवरणको हुनेछ। त्यसलाई तोकिएको व्यक्ति वा अधिकारीले प्रमाणित गरी टाँचा लगाई तोकिएको ठाउँमा तोकिए बमोजिम राख्नेछ तथा तोकिए बमोजिमको प्रत्येक अवधिभित्र त्यसलाई प्रमुख स्टाडर्डसँग जाँची त्यसमा सो जाँचेको मिति सहितको निस्सा लगाउनेछ ।<br>(३) उपदफा (२) बमोजिम म्यादभित्र जाँच गरी टाँचा नलगाएको माध्यमिक स्टाण्डर्डको कानूनी मान्यता हुने छैन र यो ऐनको प्रयोजनको लागि प्रयोग गरिने छैन। | मूल ऐनको दफा १७ को,-<br>(१) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-<br>"तर टाँचा लगाउन नसकिने वा नमिल्ने स्टाण्डर्डमा ती स्टाण्डर्डलाई जाँची स्टिकर लगाई प्रमाणित गरी सोको अभिलेख राख्नु पर्नेछ।"<br>(२) उपदफा (३) मा रहेका "टाँचा नलगाएको" भन्ने शब्दहरू पछि "वा स्टिकर लगाई प्रमाणित नगरेको" भन्ने शब्दहरू थपिएका छन् । | टाँचा लगाउन नसकिने वा नमिल्ने स्टाण्डर्डमा ती स्टाण्डर्डलाई जाँची स्टिकर लगाई प्रमाणित गरी सोको अभिलेख राख्न आवश्यक भएकोले । |
| ११. | दफा १९ मा उपदफा (४) थप | साविकमा व्यवस्था नभएको | मूल ऐनको दफा १९ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-<br>"(४) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भए नभएको सम्बन्धमा ट्रेयासिबिलीटी कायम गरी विस्तार गर्न तथा नाप तौल सम्बन्धी विषयमा | स्टाण्डर्ड नाप्ने र तौलने यन्त्रको अन्तरार्ष्ट्रिय स्तर अनुसार मापन तथा नाप तौल सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने सम्बन्धी |

| क. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | अध्ययन, अनुसन्धान तथा विकासात्मक कार्य गर्न विभागमा एक राष्ट्रियस्तरको नाप तौल प्रयोगशाला रहनेछ।" | राष्ट्रीयस्तरको नाप तौल प्रयोगशालाको व्यवस्था गर्न आवश्यक भएकोले । |
| १२. | दफा २० मा उपदफा (४), (५) र (६) थप | साविकमा व्यवस्था नभएको | मूल ऐनको दफा २० को उपदफा (३) पछि देहाएका उपदफा (४), (५) र (६) थपिएका छन्ः-<br>"(४) वस्तुको उत्पादन वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले उत्पादन वा बिक्री वितरण गर्ने वस्तुको नाप वा तौलको परिमाण यकीन गर्न नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र सम्बन्धित उद्योग वा बिक्री वितरण स्थलमा राख्नु पर्नेछ।<br>(५) व्यापारिक कारोबार गर्दा त्यस्तो कारोबारको लागि अनुमति लिए बमोजिमको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्नु पर्नेछ। त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग नगरी अन्य तरिकाबाट कारोबार गर्नु | स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको प्रयोग प्रभावकारी एवं पारदर्शी बनाउन र सो सम्बन्धमा उत्पन्न भएका विवाद समाधान सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
| --- | --- | --- | --- | --- |
| | | | हुँदैन।<br>(६) नाप वा तौलको परिमाणको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको समाधान विभागले गर्नेछ र सो सम्बन्धमा विभागले दिएको निर्णय अन्तिम हुनेछ।" | |
| १३. | दफा २३ | २३. **टाँचा नलागेको व्यापारिक नाप र तौलको बिक्री वितरण वा प्रयोग गर्न निषेध:** दफा २४ मा अन्यथा लेखिएकोमा बाहेक तोकिए बमोजिम जाँच नभएको र निरीक्षकद्वारा सो जाँचको टाँचा नलगाइएको कुनै पनि व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री, वितरण वा व्यवहारमा ल्याइने छैन। | मूल ऐनको दफा २३ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br>"तर टाँचा लगाउन नसकिने वा नमिल्ने नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा निरीक्षकले स्टिकर वा अन्य कुनै विधिद्वारा प्रमाणित गरी व्यवहारमा ल्याउन सक्नेछ।" | टाँचा लगाउन नसकिने वा नमिल्ने नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा निरीक्षकले स्टिकर वा अन्य कुनै विधिद्वारा प्रमाणित गरी व्यवहारमा ल्याउन सक्ने व्यवस्था गर्न आवश्यक भएकोले । |
| १४. | दफा २३क. थप | साविकमा व्यवस्था नभएको | मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-<br>"२३क. <u>रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्ने:</u> (१) कसैले यस | यस ऐन विपरीत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोगमा |

| क. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | ऐन विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोग गरेको पाइएमा निरीक्षकले त्यस्तो नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। " | रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्ने सम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकोले । |
| १५. | दफा २६क. थप | साविकमा व्यवस्था नभएको | मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-<br>"२६क. <u>नमूनाको अनुमति (मोडेल एप्रुभल) लिनुपर्नेः</u> (१) नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट नमूनाको अनुमति लिनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम | नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट नमूनाको अनुमति लिनु पर्ने समेतको व्यवस्था गर्न |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | उत्पादन वा पैठारी गरिएको नाप्ने वा तौलने यन्त्रको स्वरुपमा परिर्वतन गर्नु परेमा विभागबाट अनुमति लिनु पर्नेछ।<br>(३) उपदफा (१) वा (२) बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | आवश्यक भएकोले । |
| १६. | दफा २७ | २७. **<u>मोहोर बन्दी गरिएका प्याकेजमा नाप वा तौल अङ्कित हुन पर्नेः</u>** मोहोर बन्द प्याकेजमा रहेका वस्तुहरूको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेवल लगाएको हुनुपर्छ। यसरी लेवल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।<br>तर, साधारणतया नाप वा तौलद्वारा कारोवार वा बिक्री नगरिने वस्तुहरुको सम्बन्धमा यो दफा लागू हुने छैन। | मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-<br>"२७. <u>मोहरबन्द प्याकेजको नाप तौलः</u> (१) मोहरबन्द प्याकेजमा रहेका वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्नेछ।लेबल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।<br>तर साधारणतया नाप वा तौलद्वारा कारोबार वा बिक्री नगरिने वस्तुको सम्बन्धमा यो दफा लागू हुने छैन।<br>(२) मोहरबन्द प्याकेज | मोहरबन्द प्याकेजमा रहेका वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्ने र लेबल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न नहुने व्यवस्था गर्न आवश्यक भएकोले । |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | |
| १७. | दफा २८ मा उपदफा (९) थप | साविकमा व्यवस्था नभएको | मूल ऐनको दफा २८ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-<br>"(९) निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको हुनेछ।" | निरीक्षकको अन्य काम कर्तव्य स्पष्ट गर्न आवश्यक भएकोले । |
| १८. | दफा २९ | २९. **<u>पुनरावेदनः</u>** यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर पैंतीस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ। | मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-<br>"२९. <u>पुनरावेदनः</u> यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर नियन्त्रक समक्ष र जिल्ला अदालतले गरेको निर्णय वा सजायको आदेश उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिनेछ।" | एक तहको पुनरावेदनको व्यवस्था गर्न आवश्यक भएकोले । |
| १९. | दफा ३० | ३०. **<u>सजायः</u>** (१) कसैले दफा २० को उपदफा (१), दफा २१, २३, २५, २६ वा २७ को बर्खिलाप कुनै काम गरेमा वा गर्न उद्योग गरेमा वा सो गर्न अरु कसैलाई दुरुत्साहन दिएमा वा यो ऐन अन्तर्गत निरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै काम गर्दा त्यसमा बाधा पुऱ्याई दिएमा वा कुनै वस्तुको नाप वा | मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-<br>"३०. <u>सजायः</u> (१) निरीक्षकले देहाय बमोजिमको कसूर गर्ने व्यक्ति वा संस्थालाई देहाय बमोजिम जरिबाना गर्नेछः- | सजाय सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न आवश्यक भएकोले। |

| क. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | तौलको आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणमा खरीद बिक्री वा कारोवार गरिएको हो सो नाप वा तौलले निश्चित गरेको परिमाणभन्दा घटी बढी गरी लिए लिन लगाए वा दिए दिलाएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।<br>(२) ........<br>(३) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी बढी बनाए वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी बढी नाप वा तौल वा तौलने यन्त्र जानी जानी सक्कली रुपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने तौलने यन्त्र लगाउने छाप टाँचा जाली बनाएमा वा बनाउन लगाएमा वा राखेमा वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको छाप बिगारी जाली टाँचा लगाएमा वा लगाउन लाएमा तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिबाना हुनेछ ।<br>(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको प्रतिकूल निरीक्षकले जानाजानी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा | (क) दफा २० को उपदफा (४) विपरीत हुने गरी काम गरे वा गराएमा एक हजार रूपैयाँ देखि पाँच हजार रूपैयाँसम्म,<br>(ख) दफा २१ बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा वा त्यस्तो निर्देशन विपरीत काम गरेमा पाँच हजार रूपैंया देखि दश हजार रूपैंयासम्म,<br>(ग) दफा २५ विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गरेमा एक हजार रूपैंया देखि पाँच हजार रूपैंयासम्म,<br>(घ) दफा २७ विपरीत हुने गरी कुनै कार्य गरेमा पाँच हजार रूपैंया देखि दश हजार रूपैंयासम्म,<br>(ङ) कुनै वस्तुको नाप वा तौलको आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणको खरिद बिक्री वा कारोबार गरेको हो सो नाप वा तौलले निश्चित गरेको परिमाण भन्दा घटी बढी गरी लिए वा लिन | |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | लगाएमा निजलाई बढीमा रु.१,०००।– एक हजार रुपैयाँसम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । | लगाए वा दिए वा दिन लगाएमा निजलाई पाँच हजार रूपैंयादेखि पच्चीस हजार रूपैंयासम्म,<br>तर निर्माण सामग्री, सुन, चाँदी वा मूल्यवान धातु, पेट्रोलियम पदार्थ, एल. पी. जि. सिलिन्डर वा उद्योगको हकमा निजलाई पचास हजार रूपैंयादेखि एक लाख रूपैंयासम्म जरिवाना हुनेछ।<br>स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "निर्माण सामग्री" भन्नाले सिमेन्ट, छड, इट्टा, गिट्टी, बालुवा, जियो-टेक्स्टाइल, पेन्ट, सिमेन्ट बोर्ड, झ्याल ढोकामा प्रयोग हुने काठ, शिशा, यु. पि. भि. सि. र बिजुलीको तार समेतलाई जनाउँछ।<br>(च) दफा २० को उपदफा (१) र (५), दफा २३, २६ र २६क. विपरीत हुने गरी कुनै कार्य गरेमा, त्यस्तो कार्य गर्ने उद्योग गरेमा, त्यस्तो कार्य गर्न कसैलाई दुरूत्साहन दिएमा वा यो ऐन बमोजिम | |

| क. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
| --- | --- | --- | --- | --- |
| | | | निरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै काम गर्दा त्यसमा बाधा अवरोध पुऱ्याएमा पच्चीस हजार रूपैंयासम्म,<br>(६) यस दफामा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने अन्य कुनै कार्य गरेमा दश हजार रूपैंयासम्म।<br>(२) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी बढी नाप्ने वा तौलने यन्त्र जानीजानी सक्कली रुपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे वा गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने टाँचा बिगारेमा वा जाली टाँचा लगाएमा वा लगाउन | |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | | | लगाएमा वा बनाएमा वा राखेमा वा नाप वा तौलमा वा नाप्ने वा तौलने यन्त्रको वास्तविक भन्दा बाहेकका अन्य कुनै यन्त्र वा त्यस्तै कुनै वस्तु प्रयोग गरी घटी बढी गराएमा वा गराउने उद्देश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरी सफ्टवेयर जाली बनाई नाप वा तौलको परिमाणमा घटी वा बढी गराएमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।<br>(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी निरीक्षकले जानीजानी नाप तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा निजलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीबाना वा दुवै सजाय हुनेछ।" | |
| २०. | दफा ३३क. को उपदफा | (१) दफा १९क., १९ख. र दफा ३० को उपदफा (१) र (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी | मूल ऐनको दफा ३३क. को,- | मुद्दाको तहकिकात सम्बन्धमा |

| क्र. सं. | सम्बन्धित दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| | (१) र (२) | मुद्दाको तहकिकात र दायरी निरीक्षकले गर्नेछ।<br>(२) दफा ३० को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी महानिर्देशकले तोकेको अधिकृतले गर्नेछ। | (१) उपदफा (१) मा रहेका "उपदफा (१) र (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु र "महानिर्देशक" भन्ने शब्दको सट्टा "नियन्त्रक" भन्ने शब्द राखिएका छन्। | भाषागत एकरूपता कायम गर्न आवश्यक भएकोले । |

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ मा संशोधन: स्टाण्डर्ड नाप र तौल ऐन, २०२५(यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "किलोग्राम" भन्नाले नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले गरेको परिभाषा अनुसारको किलोग्राम सम्झनु पर्छ।"

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "टाँचा" भन्नाले ढालेर, खोपेर, कुँदेर, डामेर, तारले बेरेर वा अन्य कुनै किसिमले नमेटिने, नचुँडिने वा नफुटिकने गरी कुनै धातु वा प्लाष्टिकको प्रयोग गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाइएको आयताकार, गोलाकार वा त्यस्तै कुनै प्रकारको आयाम भएको सिलछाप सम्झनु पर्छ।"

(३) खण्ड (ञ) मा रहेका "गुणस्तर तथा नाप तौल" भन्ने शब्दहरु झिकिएका छन्।

(४) खण्ड (ठ) पछि देहायका खण्ड (ड) र (ढ) थपिएका छन् :-

"(ड) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ढ) "विभाग" भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभाग सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मिटर लम्बाईको मूल एकाइ हुनेछ र मिटरको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) उपदफा (२) झिकिएको छ।

४. मूल ऐनको दफा ४ मा संशोधन: मूल ऐनको दफा ४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) नेपाल सरकारले किलोग्रामको परिमाण निकाल्ने एक राष्ट्रिय किलोग्राम स्टाण्डर्ड बनाउन लगाउने छ र सो स्टाण्डर्ड अन्तर्राष्ट्रिय किलोग्राम स्टाण्डर्ड वा सो अनुसार बनाइएको अन्य मुलुकको राष्ट्रिय किलोग्राम स्टाण्डर्ड अनुसार प्रमाणित गराउने छ। त्यस्तो राष्ट्रिय किलोग्राम स्टाण्डर्ड तोकिएको ठाउँमा तोकिएको व्यक्तिको जिम्मामा रहनेछ।"

५. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. सेकेण्डः सेकेण्ड समयको मूल एकाइ हुनेछ र सेकेण्डको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

६. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. एम्पिएरः एम्पिएर विद्युत धाराको मूल एकाइ हुनेछ र एम्पिएरको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

७. मूल ऐनको दफा ७ मा संशोधनः (१) मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) केलभिन थर्मोडाइनामिक तापक्रमको मूल एकाइ हुनेछ र केल्भिनको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

(२) उपदफा (२) झिकिएको छ।

(३) उपदफा (४) मा रहेका ",केलभिन बराबर हुन्छ" भन्ने शब्दहरू झिकिएका छन्।

८. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. क्याण्डेलाः क्याण्डेला प्रकाश तीब्रताको मूल एकाइ हुनेछ र क्याण्डेलाको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

९. मूल ऐनको दफा ८क. मा संशोधन : मूल ऐनको दफा ८क. को सट्टा देहायको दफा ८क. राखिएको छः–

"८क. मोलः मोल वस्तुको परिमाणको मूल एकाइ हुनेछ र मोलको परिभाषा नाप तौलको अन्तर्राष्ट्रिय कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

१०. मूल ऐनको दफा ८ग. मा संशोधन : मूल ऐनको दफा ८ग. को उपदफा (१) मा रहेको "हुनेछ" भन्ने शब्द पछि "र आवश्यकता अनुसार अंग्रेजी अङ्कहरु प्रयोग गर्न सकिने छ" भन्ने शब्दहरू थपिएका छन्।

११. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को,-

(१) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर टाँचा लगाउन नसकिने वा नमिल्ने स्टाण्डर्डमा ती स्टाण्डर्डलाई जाँची स्टिकर लगाई प्रमाणित गरी सोको अभिलेख राख्नु पर्नेछ।"

(२) उपदफा (३) मा रहेका "टाँचा नलगाएको" भन्ने शब्दहरू पछि "वा स्टिकर लगाई प्रमाणित नगरेको" भन्ने शब्दहरू थपिएका छन् ।

१२. मूल ऐनको दफा १९ मा संशोधन : (१) मूल ऐनको दफा १९ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भए नभएको सम्बन्धमा ट्रेयासिबिलीटी कायम गरी विस्तार गर्न तथा नाप तौल सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा विकासात्मक कार्य गर्न विभागमा एक राष्ट्रियस्तरको नाप तौल प्रयोगशाला रहनेछ।"

१३. मूल ऐनको दफा २० मा संशोधनः (१) मूल ऐनको दफा २० को उपदफा (३) पछि देहाएका उपदफा (४), (५) र (६) थपिएका छन्ः-

"(४) वस्तुको उत्पादन वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले उत्पादन वा बिक्री वितरण गर्ने वस्तुको नाप वा तौलको परिमाण यकीन गर्न नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र सम्बन्धित उद्योग वा बिक्री वितरण स्थलमा राख्नु पर्नेछ।

(५) व्यापारिक कारोबार गर्दा त्यस्तो कारोबारको लागि अनुमति लिए बमोजिमको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गर्नु पर्नेछ। त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग नगरी अन्य तरिकाबाट कारोबार गर्नु हुँदैन।

(६) नाप वा तौलको परिमाणको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको समाधान विभागले गर्नेछ र सो सम्बन्धमा विभागले दिएको निर्णय अन्तिम हुनेछ।"

१४. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर टाँचा लगाउन नसकिने वा नमिल्ने नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा निरीक्षकले स्टिकर वा अन्य कुनै विधिद्वारा प्रमाणित गरी व्यवहारमा ल्याउन सक्नेछ।"

१५. मूल ऐनमा दफा २३क. थपः मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्नेः (१) कसैले यस ऐन विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र बिक्री वितरण वा प्रयोग गरेको पाइएमा निरीक्षकले त्यस्तो नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउन, नियन्त्रणमा लिन वा जफत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोगमा रोक लगाउने, नियन्त्रणमा लिने वा जफत गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। "

१६. मूल ऐनमा दफा २६क. थपः मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. नमूनाको अनुमति (मोडेल एप्रुभल) लिनुपर्नेः (१) नाप्ने वा तौलने यन्त्र उत्पादन वा पैठारी गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो यन्त्र उत्पादन वा पैठारी गर्नु अघि विभागबाट नमूनाको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उत्पादन वा पैठारी गरिएको नाप्ने वा तौलने यन्त्रको स्वरुपमा परिर्वतन गर्नु परेमा विभागबाट अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. मोहरबन्द प्याकेजको नाप तौलः (१) मोहरबन्द प्याकेजमा रहेका वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेबल लगाएको हुनु पर्नेछ। लेबल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।

तर साधारणतया नाप वा तौलद्वारा कारोबार वा बिक्री नगरिने वस्तुको सम्बन्धमा यो दफा लागू हुने छैन् ।

(२) मोहरबन्द प्याकेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१८. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको हुनेछ।"

१९. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-

"२९. पुनरावेदनः यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर नियन्त्रक समक्ष र जिल्ला अदालतले गरेको निर्णय वा सजायको आदेश उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिनेछ।"

२०. मूल ऐनको दफा ३० मा संशोधनः मूल ऐनको दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. सजायः (१) निरीक्षकले देहाय बमोजिमको कसूर गर्ने व्यक्ति वा संस्थालाई देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) दफा २० को उपदफा (४) विपरीत हुने गरी काम गरे वा गराएमा एक हजार रूपैयाँ देखि पाँच हजार रूपैयाँसम्म,

(ख) दफा २१ बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा वा त्यस्तो निर्देशन विपरीत काम गरेमा पाँच हजार रूपैयाँ देखि दश हजार रूपैयाँसम्म,

(ग) दफा २५ विपरीत हुने गरी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गरेमा एक हजार रूपैयाँ देखि पाँच हजार रूपैयाँसम्म,

(घ) दफा २७ विपरीत हुने गरी कुनै कार्य गरेमा पाँच हजार रूपैयाँ देखि दश हजार रूपैयाँसम्म,

(ङ) कुनै वस्तुको नाप वा तौलको आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणको खरिद बिक्री वा कारोबार गरेको हो सो नाप वा तौलले निश्चित गरेको परिमाण भन्दा घटी बढी गरी लिए वा लिन लगाए वा दिए वा दिन लगाएमा निजलाई पाँच हजार रुपैंयादेखि पच्चीस हजार रुपैयासम्म,

तर निर्माण सामग्री, सुन, चाँदी वा मूल्यवान धातु, पेट्रोलियम पदार्थ, एल.पी. जि. सिलिन्डर वा उद्योगको हकमा निजलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "निर्माण सामग्री" भन्नाले सिमेन्ट, छड, इट्टा, गिट्टी, बालुवा, जियो-टेक्स्टाइल, पेन्ट, सिमेन्ट बोर्ड, झ्याल ढोकामा प्रयोग हुने काठ, शिशा, यु.पि.भि.सि र बिजुलीको तार समेतलाई जनाउँछ।

(च) दफा २० को उपदफा (१) र (५), दफा २३, २६ र २६क. विपरीत हुने गरी कुनै कार्य गरेमा, त्यस्तो कार्य गर्ने उद्योग गरेमा, त्यस्तो कार्य गर्न कसैलाई दुरूत्साहन दिएमा वा यो ऐन बमोजिम निरीक्षकले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै काम गर्दा त्यसमा बाधा अवरोध पुऱ्याएमा पच्चीस हजार रूपैयाँसम्म,

(छ) यस दफामा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने अन्य कुनै कार्य गरेमा दश हजार रूपैयाँसम्म।

(२) कसैले कुनै स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटी बढी बनाएमा वा बनाउन लगाएमा वा त्यस्तो जाली वा घटी बढी नाप्ने वा तौलने यन्त्र जानीजानी सक्कली रुपमा व्यवहार गरेमा वा व्यवहार गर्ने उद्देश्यले राखेमा वा बिक्री गरे वा गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम स्टाण्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा लगाउने टाँचा बिगारेमा वा जाली टाँचा लगाएमा वा लगाउन लगाएमा वा बनाएमा वा राखेमा वा नाप वा तौलमा वा नाप्ने वा तौलने यन्त्रको वास्तविक भन्दा बाहेकका अन्य कुनै यन्त्र वा त्यस्तै कुनै वस्तु प्रयोग गरी घटी बढी गराएमा वा गराउने उद्देश्यले राखेमा वा राख्न लगाएमा वा कुनै प्रविधि प्रयोग गरी सफ्टवेयर जाली बनाई नाप वा तौलको परिमाणमा घटी वा बढी गराएमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी निरीक्षकले जानीजानी नाप तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाएमा निजलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीबाना वा दुवै सजाय हुनेछ।"

२१. <u>मूल ऐनको दफा ३३क. मा संशोधनः</u> मूल ऐनको दफा ३३क. को,-

(१) उपदफा (१) मा रहेका "उपदफा (१) र (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु र "महानिर्देशक" भन्ने शब्दको सट्टा "नियन्त्रक" भन्ने शब्द राखिएका छन्।